नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
नापी विभाग
( शाखा )

फोन नं. ४६२१७७० ४६२२७४२ ४६२२७१३ ४६२२७३३
फ्याक्स नं. ४६२२९५७
इमेल नं.: info@dos.gov.np

मिनभवन,
काठमाडौं, नेपाल

पत्र संख्याः–
प्राप्त पत्र संख्याः.......... मितिः ......................
च.नं.:

# प्रेस विज्ञप्ति

देशको नक्शाले सार्वभौमसत्ता र राष्ट्रिय भावनालाई प्रतिविम्बित गरेको हुन्छ । तसर्थ देशको नक्शा प्रकाशन तथा प्रसारण गर्दा अति नै संवेदनशील हुनुपर्ने कुरामा दुईमत हुन सक्दैन । विगत केही समयदेखि विभिन्न पत्र पत्रिका तथा विद्युतिय संचारका माध्यमहरुले विभिन्न सन्दर्भमा नेपालको नक्शालाई विम्बको रुपमा प्रकाशन वा प्रसारण गर्ने गरेको देखिन्छ । यसरी प्रकाशन वा प्रसारण भएका कतिपय नेपालको नक्शा नापी विभागले तयार गरेको आधिकारिक नक्शा भन्दा फरक पर्ने गरी त्रुटिपूर्ण नक्शा प्रकाशन र प्रसारण भएको विषयले नापी विभागको गम्भीर ध्यानाकर्षण भएको छ । नापी विभागले प्रकाशन गरेको नेपालको आधिकारिक नक्शा भन्दा अन्यथा हुने गरी सम्प्रेषण हुने त्रुटिपूर्ण नक्शाले भ्रम सिर्जना हुन जाने विषयतर्फ सम्बन्धित सबैले सावधानी अपनाउन आवश्यक छ ।

जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११घ र जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम २४(१) ले नेपाल सरकारले तयार गरेको नक्शा प्रयोग गर्न नापी विभागको महानिर्देशकको स्वीकृति लिनु पर्ने कानुनी व्यवस्था सम्बन्धित सबैमा स्मरण गराउँदै सम्पूर्ण प्रकाशनगृहहरु, विद्युतिय संचारका माध्यमहरु लगायत नेपालको नक्शालाई विम्बको रुपमा प्रयोग गरी सामाग्री उत्पादन गर्ने व्यक्ति वा संस्थाहरुलाई देशको नक्शा प्रकाशन वा प्रसारण गर्दा यस विभागले तयार गरेको आधिकारिक नक्शा मात्र सम्प्रेषित गरिदिनु हुन नापी विभाग अनुरोध गर्दछ ।

नेपालको आधिकारिक नक्शा र सम्बन्धित digital data (1:10,00,000 scale) यस विभाग अन्तर्गतको राष्ट्रिय भौगोलिक सूचना पुर्वाधार महाशाखाको वेबसाइट "www.ngiip.gov.np" बाट निशुल्क रुपमा Download गर्न सकिने भएकोले आधिकारिक नक्शा मात्र प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध गर्दै नेपालको अनाधिकृत नक्शा सम्प्रेषित गर्ने व्यक्ति वा संस्थाहरुलाई जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम कारबाही गर्न बाध्य हुने व्यहोरा सम्पूर्ण सरोकारवालाहरुलाई नापी विभाग अनुरोध गर्दछ ।

२०७४ साल असोज २ गते ।

अनिल मरासिनी
सूचना अधिकारी